महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np

Email: mahabugaupalika74@gmail.com

प.स. - ०७९/०८०

च.नः- ९४८९

मिति २०८०।०२।१७

श्री वडा कार्यालय सबै

विषयः बजेट सिमा तथा मार्गदर्शन सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समिति निर्धारण समितिको मिति २०८०।०२।१६ गतेको निर्णय र आर्थिक वर्ष २०८०/०८१ का लागि बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विषय क्षेत्रगत वजेट तथा कार्यक्रम तर्जुमाका लागि चालु १५ औं योजना, नेपाल सरकार अर्थ मन्त्रालय, कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन, योजना तथा कार्यक्रम र बजेट तर्जुमा दिग्दर्शनले परिलक्षित गरेका उद्धेश्यका अतिरिक्त देहाय अनुसारका थप मार्गदर्शनहरु आवश्यक कार्यार्थका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

<u>वडा कार्यालयहरुले योजना प्राथामिकिकरण र तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरुः</u>

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

२. उत्पादनमुलक र छिटो प्रतिफल दिने,

३. राजश्व परिचालनमा योगदान पुर्याउने,

४. सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,

५. स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ,

६. लैगिंक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

७. दिगो विकास, वातावरण संरक्षण, जलवायु अनुकुलन र विपद् व्यवस्थापनमा सहयोग पुर्याउने,

८. समुदायलाई विपद् तथा जलवायू परिवर्तनसंग समायोजन हुने किसिमका योजना छनौट गर्ने ,

९. स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने खालका आयोजनाहरु,

१०. दिगो विकासका लक्ष्यहरु परिपूर्ति हुने गरी बजेट सिमा निर्धारण गर्ने

११. जोखिम संवेदनशिल भु उपयोग योजनामा परेका क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम तर्जुमा गर्ने,

१२. बालमैत्री, अपागंमैत्री, जलवायु मैत्री, वातारण मैत्री, पोषण मैत्री स्थानीय शासन उन्मुख योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल
Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - ०७९/०८०
च.न:-

<u>वडा कार्यालयले आयोजना छनौट गर्दा माथिका अतिरिक्त देहायका कुरामा विशेष ध्यान दिने:</u>

क) योजना तथा कार्यक्रम छनौट गर्दा बस्ती सानो भन्दा सानो बस्ती तहमा गई त्यहाँको वस्तुगत आवश्यकता एवं जनचाहनालाई पहिलो प्राथमिकता दिने र वडाबाट योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी गाँउपालिकामा पेश गर्नुपर्नेछ ।

ख) आयोजना छनौट गर्दा सकभर एकै आ.व.मा सम्पन्न हुने गरी प्रयाप्त बजेटको व्यवस्था गर्ने, तर ठुला आयोजनाको हकमा बढीमा ३ वर्ष भित्र सम्पन्न हुने गरी स्रोतको सुनिश्चितता गर्ने ,

ग) योजना छनौट र वजेट विनियोजन गर्दा सम्वन्धित वडाका प्राविधिकवाट सम्भाव्यता अध्ययन गरी कार्यान्व्यन गर्ने सुनिश्चितता गराएर मात्र गर्ने ,

घ) वडालाई प्राप्त रकमवाट अवलोकन भ्रमण, जात्रा मेला, चन्दा दिने जस्ता अनुत्पादक क्षेत्र र अन्य प्रशासनिक एवं संचालन खर्चमा रकम विनियोजन गर्न नपाईने, अनावश्यक रुपमा दीर्घकालीन दायित्व सृजना हुने गरी विना मापदण्ड कर्मचारी तथा शिक्षक नियूक्त गर्ने गरी रकम विनियोजन नगर्ने,

ङ) वडावाट सम्पन्न गर्न नसकिने तर रु. १ करोडभन्दा माथि लगानी हुने आयोजनाको हकमा संघीय सरकार र रु. ५० लाखभन्दा माथि लगानी हुने आयोजनाको हकमा कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा अन्य निकायसँग माग गर्नुपर्ने खालका आयोजनाहरु समेत छनौट गरी अनुमानित लागत समेत उल्लेख गरी पठाउने ।

च) वडावाट सञ्चालन हुने गरी छनौट भएका आयोजना तथा कार्यक्रमहरु विशेष परिस्थितिमा २५ प्रतिशत नवढ्ने गरी रकामान्तर गर्न सकिने सो भन्दा बाहेक पछि संशोधन गर्न नपर्ने गरी वडा समितिको निर्णय प्रतिलिपि सहित निर्धारित ढाँचामा पठाउने ।

छ) वडालाई प्राप्त कुल बजेटको ५ प्रतिशत विपद व्यवस्थापन कोष र ५ प्रतिशत मर्मत सम्भार कोष, ३० प्रतिशत लक्षितवर्ग (महिला, बालबालिका, दलित, जनजाती, अपाङग, जेष्ठ नागरिक, युवा, पिछडिएको वर्ग, अल्पसंख्यक आदी) का योजना तथा कार्यक्रमको लागि विनियोजन गर्ने, बाँकी रकमलाई शत प्रतिशत मानी ६० प्रतिशत पुर्वाधारजन्य योजनामा कार्यान्वयन गर्ने र ४० प्रतिशत प्रर्वद्धनात्मक आयोजना तथा कार्यक्रममा विनियोजन गर्ने,

ज) प्रत्येक वडाले आयोजनागत रुपमा सामाजिक परीक्षणलाई व्यवस्थित गर्दै सार्वजनिक सुनुवाईलाई चौमासिक रुपमा गर्न बजेट व्यवस्था गर्ने,

झ) प्रत्येक वडा भित्र खानेपानी व्यवस्थालाई प्राथमिकता प्रदान गरी मूल तथा सतहको पानी मार्फत स–साना खानेपानी आयोजना र एक घर एक धाराको नीति अनुरुप कम्तीमा २ लाख भन्दा माथिका २ वटा योजना छनौट गर्नुपर्नेछ ।

ञ) पुरातात्विक, ऐतिहासिक महत्वका बाहेक नयाँ मठ मन्दिर लगायतका धार्मिक संरचना निर्माणका लागि योजना छनौट नगर्ने ।

ट) प्रत्येक वडाको कम्तीमा १ वटा नमुना योजनाको लागि विशेष रकम विनियोजन गर्नुपर्नेछ ।

<u>बजेट सिलिङ्ग</u>

प्रत्येक वडालाई समानिकरण अनुदान तर्फबाट रु ४५ लाखको सिमा निर्धारण गरिएको छ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत